# नेपाल पेडियाट्रीक सोसाईटी
# NEPAL PAEDIATRIC SOCIETY (NEPAS)

जि.प्र.का. काठमाण्डौ प्र.नं. १७/०४३/४४, प्यान नं. ३०१९५५३८२
Contact No: 9803594327 G.P.O. Box No. 2668, Baluwatar, Kathmandu, Nepal
Email: nepas2010@gmail.com ; office@nepas.org.np / website: www.nepas.org.np


**Ref. No.** 2026-NEP/0203-0066

मिति: २०८२/१०/२०


**ADVISORS**
Dr. Ramesh K. Adhikari
Dr. Kulesh B. Thapa
Dr. Laxman P. Shrestha
Dr. Krishna P. Bista
Dr. R.P. Bichha

**EXECUTIVE COMMITTEE**

**President**
Dr. Arun Kumar Neopane

**Vice President**
Dr. Ram Hari Chapagain

**General Secretary**
Dr. Prakash Joshi

**Treasurer**
Dr. Keshav Agrawal

**Secretary**
Dr. Deepak Rajbhandari

**Joint-Treasurer**
Dr. Smriti Mathema

**MEMBERS**
Dr. Bimala Baniya
Dr. Biraj Parajuli
Dr. Bishow Nath Adhikari
Dr. Deepak Mishra
Dr. Love Kumar Sah
Dr. Pawana Kayastha
Dr. Sangita Shakya
Dr. Santosh Adhikari
Dr. Srijana Basnet

**INTERNATIONAL AFFILIATION**
International Pediatric Association (IPA)

Asia Pacific Pediatric Association (APPA)

South Asian Pediatric Association (SAPA)


## प्रेस विज्ञप्ति

**संसदीय निर्वाचन २०८२-बाल स्वास्थ्य र बाल अधिकार: घोषणापत्रका लागि नीति–आह्वान**

### पृष्ठभूमि

नेपालको दीर्घकालीन सामाजिक, आर्थिक र मानवीय विकास आजका बालबालिकाको स्वास्थ्य, पोषण, स्वास्थ्य बाताबरण तथा सफा मानसिक अवस्था र समग्र विकासमा निर्भर छ। आगामी संसदीय निर्वाचनका लागि राजनीतिक दलहरूले प्रस्तुत गर्ने घोषणापत्रले देशको भविष्यको दिशा तय गर्न सक्ने भएकाले बाल स्वाहावास्थ्य र बाल अधिकारलाई राष्ट्रिय प्राथमिकतामा राखिनु अत्यावश्यक छ।

नेपालले संयुक्त राष्ट्रसंघको बाल अधिकारसम्बन्धी महासन्धि (CRC) अनुमोदन गरिसकेको छ र नेपालको संविधान २०७२ ले बालबालिकाको स्वास्थ्य, पोषण, शिक्षा, सफा हावा, संरक्षण तथा विकासलाई मौलिक अधिकारका रूपमा सुनिश्चित गरेको छ। साथै, दिगो विकास लक्ष्य (SDGs) अन्तर्गत नेपालले सन् २०३० सम्म मातृ, नवजात, शिशु तथा पाँच वर्षमुनिका बाल मृत्युदर न्यूनीकरण, कुपोषण अन्त्य र गुणस्तरीय स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्ने प्रतिबद्धता जनाएको छ।

### वर्तमान अवस्था र चुनौती

यथार्थमा नेपालका बालबालिकाहरू अझै पनि कुपोषण, रोकथामयोग्य रोग, नवजात तथा शिशु मृत्युदर, मानसिक स्वास्थ्य समस्या, अपाङ्गता, हिंसा, बालविवाह, बालश्रम तथा स्वास्थ्य सेवामा असमान पहुँचजस्ता गम्भीर चुनौतीको सामना गरिरहेका छन्। भौगोलिक, सामाजिक र आर्थिक असमानताका कारण दुर्गम क्षेत्र, शहरी गरिब बस्ती, दलित, आदिवासी जनजाति तथा अन्य सीमान्तकृत समुदायका बालबालिका विशेष रूपमा जोखिममा रहेका छन्।

### घोषणापत्रका लागि नेपाल पेडियाट्रिक सोसाइटी (NEPAS) का प्रमुख नीति–आह्वान

नेपाल पेडियाट्रिक सोसाइटी (NEPAS) सबै राजनीतिक दलहरूलाई आफ्ना घोषणापत्रमा निम्न प्रतिबद्धताहरू स्पष्ट रूपमा समावेश गर्न आग्रह गर्दछः

१. **बाल स्वास्थ्यलाई राष्ट्रिय प्राथमिकता**
बालबालिकाको स्वास्थ्य, पोषण, मानसिक स्वास्थ्य र विकासलाई राष्ट्र निर्माणको आधारस्तम्भका रूपमा स्वीकार गर्ने।

२. **मातृ, नवजात, शिशु तथा किशोर स्वास्थ्यमा लगानी**
नवजात तथा बाल मृत्युदर न्यूनीकरण र किशोर तथा मानसिक स्वास्थ्य सेवाको विस्तारका लागि पर्याप्त सार्वजनिक लगानी गर्ने ।

३. **कुपोषण अन्त्यका लागि बहु–क्षेत्रीय दृष्टिकोण**
पोषण, शिक्षा, पानी–सरसफाइ र सामाजिक सुरक्षालाई एकीकृत गर्दै कुपोषण अन्त्यका (Zero Hunger) कार्यक्रम।

४. **गुणस्तरीय स्वास्थ्य सेवामा समान पहुँच**
सबै बालबालिकाका लागि निःशुल्क र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा, विशेषगरी दुर्गम र सीमान्तकृत समुदायका लागि लक्षित कार्यक्रम।

# नेपाल पेडियाट्रीक सोसाईटी
# NEPAL PAEDIATRIC SOCIETY (NEPAS)
जि.प्र.का. काठमाण्डौ प्र.नं. १७/०४३/४४, प्यान नं. ३०१९५५३८२
Contact No: 9803594327 G.P.O. Box No. 2668, Baluwatar, Kathmandu, Nepal
Email: nepas2010@gmail.com ; office@nepas.org.np / website: www.nepas.org.np

**Ref. No.** 2026-NEP/0203-0066

मिति: २०८२/१०/२०

**ADVISORS**
Dr. Ramesh K. Adhikari
Dr. Kulesh B. Thapa
Dr. Laxman P. Shrestha
Dr. Krishna P. Bista
Dr. R.P. Bichha

**EXECUTIVE COMMITTEE**

**President**
Dr. Arun Kumar Neopane

**Vice President**
Dr. Ram Hari Chapagain

**General Secretary**
Dr. Prakash Joshi

**Treasurer**
Dr. Keshav Agrawal

**Secretary**
Dr. Deepak Rajbhandari

**Joint-Treasurer**
Dr. Smriti Mathema

**MEMBERS**
Dr. Bimala Baniya
Dr. Biraj Parajuli
Dr. Bishow Nath Adhikari
Dr. Deepak Mishra
Dr. Love Kumar Sah
Dr. Pawana Kayastha
Dr. Sangita Shakya
Dr. Santosh Adhikari
Dr. Srijana Basnet

**INTERNATIONAL AFFILIATION**
International Pediatric Association (IPA)

Asia Pacific Pediatric Association (APPA)

South Asian Pediatric Association (SAPA)

५. **बाल अधिकार संरक्षण र सुरक्षा**
बाल हिंसा, बालविवाह र बालश्रम अन्त्यका लागि कानुनी तथा संस्थागत संयन्त्रको सुदृढीकरण।

६. **संघीय संरचनामा बालमैत्री शासन**
संघ, प्रदेश र स्थानीय तहमा बालमैत्री नीति, योजना र बजेट सुनिश्चित गर्ने स्पष्ट प्रतिबद्धता।

## निष्कर्ष

नेपालको भविष्य आजका बालबालिकामा निर्भर छ । बालमैत्री नीति, कार्यक्रम र लगानीले मात्र स्वस्थ, सक्षम र उत्पादनशील पुस्ता निर्माण सम्भव हुन्छ। नेपाल पेडियाट्रिक सोसाइटी (NEPAS) सबै राजनीतिक दलहरूलाई निर्वाचन घोषणापत्रमार्फत बाल स्वास्थ्य र बाल अधिकारप्रति स्पष्ट, मापनयोग्य र कार्यान्वयनयोग्य प्रतिबद्धता जनाउन आह्वान गर्दछ। NEPAS यस अभियानमा नीतिगत संवाद, प्राविधिक सहयोग र सहकार्यका लागि सधैं तत्पर रहेको स्पष्ट गर्दछ।

डा. अरुण कुमार न्यौपाने
अध्यक्ष
नेपाल पेडियाट्रीक सोसाईटी (NEPAS)

**सम्पर्क:**
प्रवक्ता नेपास: डा. रामहरि चापागाईं, मोबाइल नं.: +९७७ ९८४–१४०९०८०
सम्पर्क व्यक्ति नेपास डा. हरिकृष्ण बाँस्कोटा, मोबाइल नं.: +९७७ ९८६–९२०७२२५
नेपाल पेडियाट्रिक सोसाइटी (NEPAS)
बालुवाटार, काठमाडौं
इ–मेल: nepas2010@gmail.com